" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, ताप्लेजुङ
प्रदेश नं. १, नेपाल।

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

पत्र संख्या : २०७८/०७९
च.नं

मिति : २०७९/२/४

## सार्बजनिक विदा सम्बन्धी सूचना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं ४८९ मिति २०७९/२/३ गते पत्रसाथ प्राप्त गृह मन्त्रालयबाट जारी सूचना तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सिंहदरबार काठमाडौंको च.नं ३८६ मिति २०७९/१/२७ को पत्र अनुसार संबत २०७९ साल जेठ १ गते देखि लागू हुने गरी हप्तामा दुई दिन विदा दिने गरी देहाय बमोजिम निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

(क) प्रत्येक शनिबार र आईतबार सार्बजनिक विदा दिने ।

(ख) सोमबार देखि शुक्रबारसम्म कार्यालय समय विहान विहान ९ : ३० बजे देखि अपरान्ह ५ : ३० बजेसम्म निर्धारण गर्ने ।
तर कार्तिक १६ गते देखि माघ १५ गतेसम्म कार्यालय समय विहान ९: ३० बजे देखि अपरान्ह ४ : ३० बजेसमम्म निर्धारण गर्ने ।

(ग) संबत २०७९ सालको लागि निर्धारण गरिएको दशैं र तिहारका सार्बजनिक विदा बाहेक अन्य विदा लगातार दुई दिनभन्दा बढी भएमा सार्बजनिक सेवा प्रवाह गर्ने अस्पताल र स्वास्थ्य चौकी ,रोपवे, टेलिफोन, प्रहरी, विधुत, खानेपानी, अध्यागमन, बारुणयन्त्र, टक्सार, रेडियो नेपाल, टेलिभिजन, मुद्रण विभाग, कन्सुलर सेवा, राहदानी सेवा, हुलाक, जिल्ला प्रशासन कार्यालय, बैंकिङ्ग सेवा, आन्तरिक राजश्व, भूमिसुधार तथा मालपोत कार्यालय , नापि कार्यालय, भन्सार कार्यालय र स्थानीय तहले तोस्रो दिन देखि गृह मन्त्रालयले समय निर्धारण गरे बमोजिम सेवा प्रबाहको व्यवस्था मिलाउने

(घ) खण्ड (ग) बमोजिमका कार्यालयमा सार्बजनिक विदाको दिनमा सेवा प्रवाह गर्ने कर्मचारीलाई सट्टा विदा दिने गरी सम्बन्धित निकायले कर्मचारीको व्यवस्थापन गर्ने ।

(ङ) विद्यालयहरुले साबिक बमोजिम नैं विहान १० : ०० बजे देखि अपरान्ह ४ : ०० बजेसम्म विद्यालयहरुमा पठनपाठन सञ्चालन गर्ने ।

(च) शुक्रबार दिनको १ : ०० बजेसम्म पठनपाठन सञ्चालन हुदै आईरहेकोमा सो दिन पनि अन्य दिनहरुमा जस्तै अपरान्ह ४ : ०० बजेसम्म पठनपाठन सञ्चालन गर्ने गराउने ।

(छ) राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरे बमोजिमको पाठ्य घण्टा (Credit Hour) र कार्यघण्टा (Working Hour) मा नघट्ने गरी पठनपाठनका कार्यहरु सञ्चालन गर्नका लागि आईतबार सार्बजनिक विदा दिएका कारण अपुग हुने समयावधि हिउँदे वा बर्षे वा अन्य विदाबाट कटाई पूर्ति गर्ने । यसो गर्दा बर्षभरीमा अधिकतम ३० दिनसम्म एकै पटक वा पटक पटक गरेर विदा दिन सकिने गरी स्थानीय तहले विदा समायोजन गर्ने ।

079/02/04

विक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत